## स्वास्थ्य मन्त्रालय

## बोलपत्र/दरभाउपत्र सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मिति २०७३।०२।१०

यस अस्पतालको चालु आ.व.को स्वीकृत कार्यक्रम अनुसार आ.व. ०७२।७३ मा निम्नानुसारका विभिन्न मेशिनरी औजार तथा उपकरणहरु बोलपत्र/दरभाउपत्रको माध्यम वाट खरीद गर्नुपर्ने भएकोले योग्य इजाजत प्राप्त वोलपत्र/दरभाउपत्रदाता वाट निम्नशर्तहरुको अधिनमा रही रित पूर्वकको वोलपत्र/दरभाउपत्र यस अस्पतालको Web site www.bharatpurhpspital.gov.np डाउनलोड गरि खरीद गर्न सकिनेछ।

**शर्तहरुः**

१. आ.व. २०७१/०७२ का लागि नविकरण भएको इजाजतपत्रदर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखिनिवेदनदिई यस अस्पतालको Website http//www.bharatpurhospital.gov.npकोeProcurement System मा गई TOR download गर्न सकिनेछ। TOR खरीद गर्न सूचना प्रकाशित भएको मितिले तपशिल अनुसारको रकम, उल्लेखित मिति र समयमा यस अस्पतालको रा.बा.बैंक भरतपुरमा रहेको चल्तीखाता नं.९६७ मा जम्मा गरी खरीद गर्न सकिनेछ।

२. बोलपत्र/दरभाउपत्र पेश गर्दा जमानत वापत तपशिलमा उल्लेखित रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुर शाखामा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकमजम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ। बोलपत्र/दरभाउपत्र स्वीकृत भए पछि ५% वरावरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा एक वर्ष म्याद भएको बैक परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ।

३. खरीद भएको बोलपत्र/दरभाउपत्र तपशिलमा उल्लेखित मिति र समयमा यस अस्पतालको Website http//www.bharatpurhospital.gov.npको eProcurement System मा गई बैंक भौचर, विडवन्ड, BOQ समेतका कागजात Scan गरी Upload गरी सक्नुपर्नेछ। Upload भएका बोलपत्र/दरभाउपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा यस अस्पतालमा बोलपत्र/दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र/दरभाउपत्र खोल्न वाधा पर्नेछैन। बोलपत्र/दरभाउपत्र खरीदगर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट क्रमश उक्त कार्य हुनेछ।

४. बोलपत्र/दरभाउपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यतादिइने छ।

५. बोलपत्र/दरभाउपत्र दाताले कवोल गरेको बोलपत्र/दरभाउपत्रमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ। त्यसरी खरीद गर्दा बोलपत्र/दरभाउपत्रमा उल्लेख गरिएको मुल्यभन्दा बढी पर्न गएमा बोलपत्र/दरभाउपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न बाकि रकमबाट असुलउपर गरिनेछ।

६) सप्लाई गरिने सम्पूर्ण मेशिनरी औजार तथा उपकरणहरु उच्च गुणस्तरको हुनपर्नेछ ।

७) बोलपत्र/दरभाउपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ। खरीद गरिने सामान घटी वढी हुन सक्नेछ। घटी वढी परिमाणको लागि बोलपत्र/दरभाउपत्र मा कुनै परिवर्तन गरिने छैन।

Medical Superintendent

८) कुनै दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षीत रहनेछ ।

९) आपूर्ति गरिएका मेशिनरी औजार तथा उपकरणहरु निरिक्षण एव परिक्षण गर्दा सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर वमोजिमका नभए सम्झौता रद्द गरिनेछ ।

१०) संम्झौता गरी मेशिनरी औजार तथा उपकरणहरु सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि सम्वन्धित निकायमा लेखि पठाइनेछ ।

११) वारेण्टी तथा मर्मत सम्भार सम्वन्धमा २ वर्षको लिखित प्रतिवद्दता पेश गर्नु पर्ने छ ।

१२) थप जानकारीको लागि यस अस्पतालको जिन्सी शाखामा सर्म्पक राख्न सकिनेछ ।

१३) शर्त रहेको,रीत नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र/वोलपत्र उपर कुनै कारवाही हनेछैन । एक फर्म वा सस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामवाट जम्मा गर्न पाईने छैन ।

१४) बोलपत्र/दरभाउपत्रदाताले आफू कालोसूचीमा नपरेको भनी स्वयं घोषणा पेश गर्नुपर्नेछ ।

१५) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

| सि.नं | ठे.नं. | विवरण | धरौटी रकम | दरभाउ तथा टेण्डर दस्तुर | टेण्डर दाखिला गर्ने अन्तिम मिति | दरभाउ तथा टेण्डर खोल्ने मिति | टेण्डर दस्तुर दाखिला गर्ने बैक तथा खाता नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४७०७२।०७३ | Portable X-ray Machine | ४५०००।- | १५१०।- | ३० औं दिनको १२।०० वजे | ३१ औं दिनको २।०० वजे | रा.वा.बैक भरतपुर, च.हि.नं ९६७ | |

Medical Superintendent